१२. नियम बनाउने अधिकार :– यो ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियमहरू बनाउन सक्ने छ ।

१३. बचाउ :– यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा लेखिएको कुरामा सोही बमोजिम र अरूमा प्रचलित कानून बमोजिम हुनेछ ।

लालमोहर सदर मिति २०२३।६।९।१

आज्ञाले–
प्रद्युम्नलाल राजभण्डारी
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ :–

२०२३ सालको ऐन नं. १७

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अतिकीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा-दक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### विक्री कर निर्धारण गरी असूल उपर गर्ने व्यवस्थाको निमित्त बनेको ऐन

प्रस्तावना:– प्रचलित नेपाल कानून बमोजिम लाग्ने विक्री करको रकम निर्धारण गरी असूल उपर गर्ने कार्य प्रणाली व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाईबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ:– (१) यस ऐनको नाम "विक्री कर ऐन, २०२३" रहेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४८२

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ र नेपाल अधिराज्यमा बसोबास गरी बसेका वा नबसेका तर बिक्री कर असूल गर्नु पर्ने कर्तव्य भएका प्रत्येक बिक्रेतालाई लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "कर" भन्नाले प्रचलित नेपाल कानून बमोजिम लाग्ने बिक्री करलाई सम्झनु पर्छ ।

(ख) "मालसामान" भन्नाले प्रचलित नेपाल कानून बमोजिम बिक्री कर लाग्ने मालसामान सम्झनु पर्छ ।

(ग) "बिक्री" भन्नाले नगद मूल्य वा कुनै मालसामान सट्टामालिई वा लिने गरी कसैले आफ्नो कुनै मालसामान अर्को व्यक्तिलाई दिने कामलाई सम्झनु पर्छ ।

(घ) "बिक्रेता" भन्नाले आर्थिक लाभको उद्देश्यलिई कुनै मालसामान बिक्री गर्ने कुनै व्यक्तिलाई सम्झनु पर्छ ।

(ङ) "बिक्री स्थान" भन्नाले कुनै बिक्रेताले स्थायी वा अस्थायी रूपले मालसामान उत्पादन गर्ने, बिक्री गर्ने वा सुरक्षित राख्ने वा त्यस्तो मालसामानको प्रक्रिया गर्ने वा बिक्री र स्टक सम्बन्धी बहीखाता राख्ने स्थानलाई सम्झनु पर्छ ।

(च) "दर्ता भएका बिक्रेता" भन्नाले दफा ४ अन्तर्गत दर्ताको प्रमाण-पत्र प्राप्त बिक्रेतालाई सम्झनु पर्छ ।

(छ) "बिक्री मूल्य" भन्नाले कुनै मालसामान बिक्री गर्दा बिक्रेताले सो वापत पाउने मूल्यलाई सम्झनु पर्छ र सो शब्दले कुनै बिक्रेताले कुनै मालसामान बिक्री गर्दा मूल्यमा कन्सेशन, डिष्काउण्ट, कमिशन र त्यस्तै अरू कुनै प्रकारको छूट दिएको रहेछ भने त्यस्तो छूट दिएको रकम र बिक्रेताले मूल्यको अतिरिक्त कुनै प्रकारको खर्च इत्यादि वापत कुनै रकम खरीद गर्नेबाट लिएको रहेछ भने सो रकम समेतलाई जनाउंछ ।

(ज) "वर्ष" भन्नाले श्री ५ को सरकारको आर्थिक वर्षलाई सम्झनु पर्छ ।

(झ) "कर अफिसर" भन्नाले यो ऐनको प्रयोजनको निमित्त कर अफिसरको रूपमा काम गर्न श्री ५ को सरकारले नियुक्त गरेको वा तोकि दिएको अधिकारीलाई सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ञ) "तोकिएको वा तोकिए बमोजिमको" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमहरूमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. विक्री कर निर्धारण गरी असूल उपर गर्नेः– साल बसाली वा कुनै एक सालको निमित्त कर लगाउने गरी कुनै ऐनबाट व्यवस्था भएमा त्यस्तो कर यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमहरू बमोजिम निर्धारण गरी असूल उपर गरिनेछ ।

४. विक्रेताको नाम, दर्ता गर्ने र प्रमाण–पत्र दिनेः– (१) यो ऐन प्रारम्भ भएको मितिले ३५ दिनभित्र वा आफूले विक्री स्थान खोलेको १५ दिनभित्र (जुन पछि हुन्छ ) प्रत्येक विक्रेताले विक्रेताको रूपमा आफ्नो नाम दर्ता गर्न सम्बन्धित कर अफिसरका समक्ष तोकिएको ढांचामा निवेदनपत्र दिनुपर्छ ।

(२) उप–दफा (१) बमोजिम रीतपूर्वक निवेदनपत्र दिने निवेदकको नाम कर अफिसरले विक्रेताको रूपमा एउटा छुट्टै दर्ता किताबमा दर्ता गरी तोकिएको ढांचामा प्रमाण–पत्र दिनेछ ।

(३) उप–दफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सानातिना विक्रेताले आफ्नो असुविधा देखाई सो उप–दफाहरू बमोजिम आफ्नो नाम दर्ता गर्न नपरोस् भनी उप–दफा (१) मा लेखिए बमोजिमको म्यादभित्र निवेदन दिएमा कर अफिसरले आवश्यक जांचबुझ गरी मनासिब ठहराएमा त्यस्ता विक्रेताको लगतसम्म राखी विक्रेताको रूपमा निजको नाम दर्ता गर्नबाट छूट दिन सक्नेछ ।

(४) उप–दफा (१) बमोजिम म्यादभित्र आफ्नो नाम दर्ता गराउन निवेदन दिनु पर्ने कुनै विक्रेताले सो म्यादभित्र निवेदन दिन नसक्ने कुनै कारण देखाई सो म्यादभित्रै थप म्यादको लागि निवेदन दिएमा कारण मनासिब देखिए सम्बन्धित कर अफिसरले बढीमा एक महीनासम्मको थप म्याद दिन सक्नेछ ।

(५) उप–दफा (४) बमोजिम थप म्याद दिईएकोमा सो म्यादभित्र र त्यस्तो थप म्याद नदिइएकोमा उप–दफा (१) मा लेखिएको म्यादभित्र आफ्नो नाम दर्ता गराउन निवेदन नदिने वा उप–दफा (३) बमोजिमको निवेदन सो उप–दफामा लेखिएको म्यादभित्र नदिने विक्रेतालाई कर अफिसरले रु. ५००।– पांचसयसम्म जरिवाना गरी निजको नाम विक्रेताको रूपमा दर्ता गर्न सक्नेछ ।

(६) यस दफा बमोजिम दर्ता भएको कुनै विक्रेताको नाम सम्बन्धित कर अफिसरले कारण देखाई वा नदेखाई खारेज गर्न सक्नेछ ।

५. खरीद गर्नेले कर तिर्नु पर्नेः– (१) यो ऐन अनुसार कर तिर्नु पर्ने कर्तव्य भएका कुनै फर्म वा कम्पनी खरीद विक्री भएमा त्यस्ता फर्म वा कम्पनीले तिर्नु पर्ने कर सो फर्म वा कम्पनी खरीद गर्नेले तिर्नु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप–दफा (१) बमोजिम खरीद गर्ने व्यक्ति नाबालक भएमा त्यस्ताको कर तिर्ने जिम्मेवारी निजको अभिभावकको हुनेछ ।

६. विक्री कर दाखिल गर्नेः– (१) दर्ता भएका विक्रेताले प्रत्येक महीनाको करको रकम सो महीना समाप्त भएको पैतालीस दिनभित्र श्री ५ को सरकारको सर्वसञ्चित कोषमा दाखिल हुने गरी बैंक भएको ठाउं भए बैंकमा र बैंक नभएको ठाउंमा स्थानीय माल अड्डामा दाखिल गर्नु पर्छ ।

(२) कुनै विक्रेताले उप–दफा (१) बमोजिमको म्यादभित्र करको रकम दाखिल नगरेमा सो करको रकमको पांच प्रतिशतको दरले जरिवाना समेत तिर्न पर्ने गरी सम्बन्धित कर अफिसरले निजलाई बढीमा एक महीनाको म्याद दिन सक्नेछ र सो बमोजिमको म्याद-भित्र सो करको रकम र जरिवाना समेत बुझाउनु त्यस्तो विक्रेताको कर्तव्य हुनेछ ।

७. दर्ता नभएको विक्रेताले मालसामानको मौज्दात विवरण दिनु पर्नेः– (१) दफा ४ बमोजिम दर्ता नभएका विक्रेताले आफूसंग मौज्दात रहेको मालसामानको विवरण यो ऐन प्रारम्भ भएको मितिले पैंतीस दिनभित्र तोकिएको ढांचामा सम्बन्धित कर अफिसर कहां दाखिल गर्नु पर्छ ।

(२) उप–दफा (१) बमोजिमको म्यादभित्र मालसामानको विवरण दिन असमर्थ भएका विक्रेताले असमर्थताको कारण खोली निवेदन दिएमा कारण मनासिब देखिए कर अफिसरले निजलाई बढीमा एक महीनाको म्याद थप दिन सक्नेछ ।

(३) दफा ४ बमोजिम दर्ता नभएका विक्रेता र विदेशबाट आउने अस्थायी विक्रेताले नेपाल अधिराज्यमा विक्री गर्न विदेशबाट मालसामान पैठारी गरेमा त्यस्तो मालसामान र त्यसको तोकिए बमोजिमको विवरण सो पैठारी गर्दाकै अवस्थामा सम्बन्धित कर अफिसर वा श्री ५ को सरकारले तोकिदिएको अन्य कुनै अधिकारीका समक्ष दाखिल गर्नुपर्छ । सो बमोजिम नगरी आफूले पैठारी गरेको मालसामान विक्री गर्नु हुंदैन ।

(४) उप–दफा (२) बमोजिम थप म्याद दिईएकोमा सो म्याद भित्र र त्यस्तो थप म्याद नदिइएकोमा उप–दफा (१) मा लेखिएको म्यादभित्र कुनै विक्रेताले सो उप–दफा बमोजिम विवरण दाखिल नगरेमा वा उप–दफा (३) को उल्लंघन गरी कुनै विक्रेताले कुनै मालसामान विक्री गरेमा सम्बन्धित कर अफिसरले निजलाई बढीमा रु. ५००।– पांचसय-सम्म जरिवाना गरी निजबाट पन्ध्र दिनभित्र आवश्यक विवरण दाखिल गराउन र सो बमोजिम विवरण दाखिल नगरुञ्जेल निजको विक्री स्थान बन्द गर्न सक्नेछ ।

८. मालसामान विक्री भएको फांटवारी दाखिल गर्नेः– (१) दफा ७ को उप–दफा (३) बमोजिमका विक्रेता बाहेक यो ऐन बमोजिम विक्री कर असूल गर्ने कर्तव्य भएको अन्य विक्रेताले प्रत्येक महीनामा आफूले विक्री गरेको मालसामानको मासिक फांटवारी विक्री करको रकम समेत खोली अर्को महीनाको मसान्तभित्र र प्रत्येक वर्ष आफूले विक्री गरेको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मालसामानको वार्षिक फांटवारी वर्ष समाप्त भएको तीन महीनाभित्र तोकिएको ढांचामा सम्बन्धित कर अफिसर कहां दाखिल गर्नु पर्छ ।

तर, कुनै विक्रेताले आफ्नो विक्रीको कारोवार बन्द गरेकोमा सो बन्द गरेको मितिसम्ममा आफूले विक्री गरेको मालसामानका सम्बन्धमा दाखिल गर्न बांकी रहेको फांटवारी सो कारोवार बन्द गरेको मितिले सात दिनभित्र तोकिएको ढांचामा सम्बन्धित कर अफिसरका समक्ष दाखिल गर्नु पर्छ ।

(२) उप–दफा (१)बमोजिम आफूले दिएको फांटवारीमा भूल वा छूट भएको छ भन्ने कुनै विक्रेतालाई लागेमा कर अफिसरले त्यस सम्बन्धमा विक्री कर निर्धारण गरी आदेश दिनु अगावै प्रमाण सहित त्यस्तो भूल वा छूट भएको कुरा खोली सो फांटवारी संशोधन गर्न निवेदनपत्र दिन सक्नेछ र सो कुरा जांचबुझ गर्दा ठीक देखिन आएमा कर अफिसरले सो फांटवारीको आवश्यक संशोधन गर्नेछ । कर अफिसरले वार्षिक कर निर्धारणको आदेशदिई सकेपछि कुनै विक्रेताले आफूले दिएको फांटवारीमा संशोधन गर्न माथि लेखिए बमोजिम निवेदन पत्र दिएमा सो कुरा ठीक देखिएमा निजलाई लाग्ने करको पांच प्रतिशतसम्म जरिवाना गरी कर अफिसरले सो फांटवारीमा आवश्यक संशोधन गर्नेछ ।

(३) उप–दफा (१)बमोजिमको म्यादभित्र फांटबारी दाखिल गर्न असमर्थ भएका विक्रेताले असमर्थताको कारण खोली निवेदन दिएमा कारण मनासिब देखिए सम्बन्धित कर अफिसरले मासिक फांटवारीको हकमा बढीमा एक महीना र वार्षिक फांटवारीको हकमा बढीमा तीन महीनासम्मको र कारोवार बन्द गरे पछि दिनु पर्ने फांटवारीका हकमा बढीमा सात दिनसम्मको म्याद थप दिन सक्नेछ ।

(४) उप–दफा (३)बमोजिम थप म्याद दिइएकोमा सो थप म्याद भित्र र त्यस्तो थप म्याद नदिइएकोमा उप–दफा (१) बमोजिमको म्यादभित्र फांटवारी दाखिल नगर्ने विक्रेतालाई कर अफिसरले बढीमा रु. २,०००। दुइ हजारसम्म जरिवाना गर्न सक्नेछ ।

९. कर निर्धारण र दाखिल गर्नेः– (१) दफा ७ को उप–दफा (३) बमोजिम पैठारी भएको मालसामानका सम्बन्धमा लाग्ने कर सो मालसामान सो उप–दफा बमोजिम जुन अधिकारीका समक्ष दाखिल भएको छ सो अधिकारीले तत्काल निर्धारण गरी सो मालसामान पैठारी गर्ने विक्रेताबाट असूल उपर गर्नेछ ।

(२) दफा ७ को उप–दफा (३)बमोजिम मालसामान दाखिल नभै त्यस सम्बन्धमा सो दफाको उप–दफा(४)बमोजिम विवरण दाखिल गराइएकोमा सो विवरण र तत्सम्बन्धी आवश्यक जांचबुझको आधारमा सम्बन्धित कर अफिसरले त्यस्तो मालसामानमा लाग्ने करको निर्धारण गरी सम्बन्धित विक्रेताबाट असूल उपर गर्नेछ ।

(३) उप–दफा (१) र (२) मा लेखिएदेखि बाहेक अन्य विक्रेताका हकमा दफा ७ र ८ बमोजिम विवरण र फांटवारी दाखिल भएपछि सम्बन्धित कर अफिसरले सो विव-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रण र फांटवारीका सम्बन्धमा आवश्यक जांचबुझ गरी ठीक र सन्तोषजनक छ भन्ने लागेमा सम्बन्धित विक्रेतालाई लाग्ने वार्षिक करको रकम तोकिएको फाराममा निर्धारण गर्नेछ ।

(४) उप–दफा (३) बमोजिम निर्धारण भएको करको आधारमा सम्बन्धित विक्रेताले पहिले बुझाई सकेको कर कटाई निजबाट अरू कर लिनु पर्ने भएमा कर निर्धारण भएको मितिले पैंतीस दिनभित्र श्री ५ को सरकारको सञ्चितकोषमा दाखिल हुने गरी बैंक भएको ठाउं भए बैंकमा र बैंक नभएको ठाउंमा भए माल अड्डामा दाखिल गर्नु भनी सम्बन्धित कर अफिसरले आदेश दिनेछ र सोही बमोजिम विक्रेताले कर दाखिल गर्नु पर्छ ।

(५) उप–दफा (३) बमोजिम करको निर्धारणको सिलसिलामा जांचबुझको लागि आवश्यक भएमा विक्रीको समस्त बहीखाता तथा सो सम्बन्धी अन्य कागजात आवश्यक म्याददिई कर अफिसरले झिकाउन सक्नेछ ।

(६) उप–दफा (५) बमोजिमको म्यादभित्र कर अफिसरले मांग गरेको कागजात पेश गर्न असमर्थ भएको कुनै विक्रेताले असमर्थताको कारण खोली निवेदनपत्र दिएमा कारण मुनासिब देखिए करअफिसरले बढीमा पन्ध्र दिनको म्याद थप दिन सक्नेछ ।

(७) उप–दफा (६) बमोजिम थप म्याद दिइएकोमा सो म्याद र सो बमोजिम थप म्याद नदिइएकोमा उप–दफा (५) मा लेखिएको म्यादभित्र सो उप– दफाहरू बमोजिम बहीखाता तथा सम्बन्धित कागजात पेश नगर्ने विक्रेतालाई सम्बन्धित कर अफिसरले बढीमा रु. १,०००। एकहजारसम्म जरिवाना गर्न सक्नेछ ।

१०. पुनः कर निर्धारण गर्न सकिनेः– यो ऐन बमोजिम कर निर्धारणभई सो बमोजिम कर दाखिल हुनु अगावै वा दाखिल भै सकेपछि पनि गणित सम्बन्धी वा अन्य कुनै भूलले गर्दा दाखिल भै सकेको वा दाखिल हुनु पर्ने कर घटी वा बढी हुन गएमा कर अफिसरले श्री ५ को सरकारको स्वीकृतिलिई पुनः कर निर्धारण गर्न सक्नेछ ।

११. न्यायोचित तरीकाबाट कर निर्धारणः– (१) दफा ९ को उप–दफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ७ बमोजिमको विवरण र दफा ८ बमोजिमको फांटवारी दाखिल गर्नु पर्ने कर्तव्य भएका विक्रेताले त्यस्तो विवरण वा फांटवारी म्यादभित्र दाखिल नगरेमा वा कर छल्ने अभिप्रायले झुट्ठा वा अधुरो विवरण वा फांटवारी दाखिल गरेमा त्यस्ता विक्रेताका सम्बन्धमा कर अफिसरले सकभर देहायका कुराहरूलाई ध्यानमा राखी न्यायोचित तरीकाबाट कर निर्धारण गर्न सक्नेछ ।

(क) विक्रीको कुनै सबूद प्रमाण, यदि कुनै छ भने,

(ख) विक्री कर सम्बन्धी कुनै कर्मचारीहरूको गोप्य रिपोर्ट यदि कुनै छ भने,

(ग) त्यस्तै अन्य विक्रेताले बुझाएको करको रकम, यदि कुनै छ भने, र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४८८

(घ) कर अफिसरले मुनासिब सम्झेको कुराहरू ।

(२) कर छल्ने नियतले अधुरो वा झुट्ठा विवरण वा फांटवारी दाखिल गर्ने विक्रेताको हकमा कर अफिसरले उप-दफा (१) बमोजिम न्यायोचित तरीकाबाट कर निर्धारण गर्नुको अतिरिक्त निजलाई बढीमा रु. ५,०००। पांचहजारसम्म जरिवाना पनि गर्न सक्नेछ ।

१२. खरीद विक्री गर्दा विक्री रसीद दिन पर्ने:- (१) दर्ता भएका विक्रेताले मालसामान विक्री गर्दा ग्राहकलाई तोकिए बमोजिमको विक्री रसीद दिनु पर्छ र सो रसीदबाट विक्री भएको मालसामानमा लाग्ने कर समेत सो रसीदमा समावेश गरी ग्राहकबाट असूल गर्नुपर्छ । त्यस्तो रसीदको प्रत्येक किताबमा सम्बन्धित कर अड्डा वा कर अड्डाले तोकेको अड्डाको निस्सा लगाउनु पर्ने व्यवस्था सम्बन्धित कर अफिसरले गर्न सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम नगरी दर्ता भएको कुनै विक्रेताले कुनै मालसामान विक्री गरेमा सम्बन्धित कर अफिसरले त्यस्तो विक्रेताले असूल गर्नु पर्ने कर निजैबाट असूल उपर गरी निजलाई बढीमा रु. ३,०००। तीनहजारसम्म जरिवाना गर्न सक्नेछ ।

१३. कर असूल गर्न नहुने:- (१) दर्ता भएका विक्रेताले बिक्री गर्ने उद्देश्यले अर्को दर्ता भएका विक्रेतासंग मालसामान खरीद गर्दा वा दफा ४ बमोजिम दर्ता नभएको विक्रेताले मालसामान विक्री गर्दा वा दफा १४ बमोजिम कर असूल उपर भै सकेको मालसामान विक्रेताले ग्राहकलाई विक्री गर्दा कर असूल गरिने छैन ।

(२) उप-दफा (१)बमोजिम दर्ता भएका विक्रेताले अर्को दर्ता भएका विक्रेतालाई मालसामान विक्री गर्दा खरीद गर्ने विक्रेताको नाम, थर, वतन र विक्री गरेको मालसामानको परिमाण, मूल्य र दर्ता भएको नम्बर खुलाई आफ्नो बहीखातामा दस्तखत गराई राख्नु पर्छ ।

(३) कुनै विक्रेताको उत्पादित मालसामानमा कर लाग्ने रहेछ भने त्यस्तो मालसामान बनाउन चाहिने कच्चा मालसामान सो विक्रेताले खरीद गर्दा कर लाग्ने छैन ।

तर ,कर नलाग्ने कुनै मालसामान बनाउने वा उत्पादन गर्ने विक्रेताले कर लाग्ने कच्चा मालसामान खरीद गरेमा कर तिर्नु पर्नेछ ।

१४. खास-खास मालसामानमा कर असूली व्यवस्था:- अनुसूचीमा उल्लिखित मालसामानमा लाग्ने कर सो मालसामान उत्पादन भएको ठाउ वा पैठारी गरी ल्याएको भन्सार अड्डामै विक्रेताबाट असूल उपर गरिनेछ ।

१५. नलाग्ने कर फिर्ता दिने:- (१) विक्रेताले कर नलाग्ने मालसामानमा कर लिएमा वा लाग्ने भन्दा बढी कर लिएमा वा कर लनु नपर्ने यक्तिसंग कर लिएमा त्यस्तो कर श्री ५ को सरकारको स्वीकृतिलिई सम्बन्धित कर अफिसरले फिर्ता दिन सक्ने छ।

४६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) विक्रेताले भूल वा अज्ञानताले लाग्ने भन्दा बढी कर दाखिल गरेमा कर अफिसरले त्यस्तो कर सो विक्रेताले तिर्नु पर्ने अरू करमा कट्टा हुने गरी मिलाउन वा फिर्ता दिनु पर्छ ।

१६. नगदको बदला जिन्सीलिई विक्री गरेमा कर असूली व्यवस्थाः– (१) कुनै विक्रेताले नगद नलिई कुनै जिन्सी मालसंग सट्टापट्टाको आधारमा कुनै मालसामान विक्री गरेमा त्यस्तो जिन्सीलाई नगदमा परिणत गर्ने आधार श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोक्न सक्नेछ ।

(२) उप–दफा (१) बमोजिम तोकेको आधारमा कर असूल उपर गर्नु सम्बन्धित कर अफिसरको कर्तव्य हुनेछ ।

१७. सरकारी बांकी सरह असूल उपर गर्नेः– कुनै विक्रेताले यो ऐन बमोजिम असूल गरी दाखिल गर्नु पर्ने करको रकम र जरिवानाको रकम म्यादभित्र दाखिल नगरेमा त्यस्ता विक्रेताबाट सो रकम र करको पांच प्रतिशतका दरले जरिवाना समेत स्थानीय माल अड्डा वा श्री ५ को सरकारले तोकेको अड्डा वा अधिकारीले सरकारी बांकी सरह प्रचलित नेपाल कानून बमोजिम असूल उपर गरी लिनेछ ।

१८. विक्रेताको जांच तथा खानतलासी लिने र कागजात तथा मालसामान नियन्त्रणमा राख्नेः– (१) यो ऐन बमोजिम कर असूल गरी दाखिल गर्नुपर्ने कर्तव्य भएका बिक्रेताले कर छल्ने उद्देश्यले कुनै काम गरेको वा गर्न लागेको छ भन्ने शंका भएमा कर अफिसरले त्यस्ता विक्रेताको जांच गर्न खानतलासीलिई सम्बन्धित कागजात र मालसामान आफ्नो कब्जामा वा नियन्त्रणमा राख्न सक्नेछ ।

(२) उप–दफा (१) बमोजिम कुनै घर वा ठाउंको जांच वा खानतलासी गर्नु पर्ने भएमा सो घर वा ठाउंमा बसोबास गरी आएका वा सो घर वा ठाउंका धनी वा जिम्मा लिएको मानिसलाई जांच वा खानतलासी लिन खोजेको कारण खोली सो कुराको सूचना दिनुपर्छ र सो बमोजिम सूचना पाएमा त्यस्ता मानिसले पनि जांच वा खानतलासी लिन आएको कर अफिसरलाई बाधा रोकावट नगरी सरासर प्रवेश गर्न दिनुपर्छ ।

(३) उप–दफा (२) बमोजिम जांच वा खानतलासी लिने घर वा ठाउंमा बस्ने वा सो घर वा ठाउंका धनी वा जिम्मा लिएका व्यक्तिले जांच वा खानतलासी लिने कर अफिसरलाई प्रवेश गर्न नदिएमा सो कर अफिसरले सो घर वा ठाउंमा रहे बसेका स्वास्नी-मानिसहरूलाई हट्ने सूचना र मौकादिई आवश्यकतानुसार बाहिरी वा भित्री कुनै झ्याल ढोका वा छेका खोली तोडी फोडी सूर्योदयदेखि सूर्यास्तसम्म कुनै समयमा भित्र पसी जांच वा खानतलासी लिन सक्नेछ ।

(४) उप–दफा (१) वा (२) वा (३) बमोजिम जांच वा खानतलासी भएमा त्यस्ता जांच वा खानतलासी भएको मालसामान र कागजातमा करअफिरले निस्सा लगाई

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यसको सूचना ७ दिनभित्र श्री ५ को सरकारलाई दिनुपर्छ ।

(५) यो दफा बमोजिम भएको काम कारवाइको निर्णय साधारणतः ३ महीनाभित्र गरी सक्नु पर्छ ।

१९. कर अफिसरलाई अदालतलाई भए सरहको अधिकारः– यो ऐनको प्रयोजनको लागि कर अफिसरलाई सम्बन्धित व्यक्तिहरूको नाउंमा समन जारी गर्ने, बयान बकपत्र लिने र लिखतहरू दाखिल गराउने सम्बन्धमा प्रचलित नेपाल कानून बमोजिम अदालतलाई भए सरहको सबै अधिकार हुनेछ ।

तर, यस दफा अन्तर्गत कारवाई भएको कुरामा जति पटक गरे पनि जम्मा १५ दिनभन्दा बढी दिनको अर्जी गर्न र म्याद तारेख गुज्रेको मितिले १५ दिनभन्दा बढी ढिलो गरी थमाई माग्न समेत पाउने छैन र एक पटक थामी सकेपछि पुनः म्याद तारेख गुजारेमा सो म्याद तारेख थामिने छैन ।

२०. कर अफिसरले आफ्नो अधिकार सुम्पन सक्नेः– (१) दफा ११ र १९ अन्तर्गतको अधिकार बाहेक कर अफिसरले यो ऐन बमोजिम प्राप्त अन्य अधिकार सम्पूर्ण वा आंशिक रूपले आफू मातहतका खरदारसम्मका कर्मचारीहरूलाई सुम्पन सक्नेछ ।

तर, त्यसरी अधिकार सुम्पिएका कर्मचारीले सो अधिकारको प्रयोग गरी कसैलाई सजाय गर्न पाउने छैन ।

(२) उप–दफा (१) बमोजिम अधिकार प्राप्त गर्ने कर्मचारीले गरेको काम कारवाई पनि कर अफिसरले गरे सरह नै मान्य हुनेछ ।

२१. कर छूट दिन सकिनेः– कुनै व्यक्ति वा खास–खास मालसामानको सम्बन्धमा श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी आंशिक वा पूर्ण रूपले कर छूट दिन वा माफ गर्न सक्नेछ ।

२२. अपीलः– (१) यो ऐन बमोजिम कर अफिसरले रु. १००। एकसयभन्दा बढी जरिवाना गरेको वा जतिसुकै भए पनि कर तिर्नु पर्ने गरी दिएको आदेशमा चित्त नबुझ्ने व्यक्तिले सूचना पाएको ३५ दिनभित्र स्थानीय अञ्चलाधीशका समक्ष अपील गर्न सक्नेछ ।

(२) सम्बन्धित अञ्चलाधीशले उप–दफा (१) बमोजिम गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले सो निर्णयको सूचना पाएको मितिले ६० दिनभित्र आय र कर अदालतमा अपील गर्न सक्नेछ ।

(३) उप–दफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि आफूलाई लाग्ने ठहरिएको करको रकम र जरिवाना वापतको रुपैयां धरौट वा त्यति अंकको धन जमानी सम्बन्धित कर अड्डा वा सम्बन्धित कर अफिसरले तोकेको अड्डामा नराखेसम्म सो उप दफाहरू बमोजिम अपील लाग्न सक्नेछैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) अन्य प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उप–दफा (१) वा (२) बमोजिम लाग्न सक्ने अपीलको निमित्त कुनै किसिमको थप म्याद पाइने वा दिइने छैन।

२३. कागजपत्र गोप्य रहने:– यो ऐन बमोजिम कर अड्डामा दाखिल भएका कागजपत्रहरू गोप्य राखिनेछ। ती कागजपत्रहरू कर सम्बन्धित कारवाईलाई बाहेक अन्य कामलाई प्रकाश गरिने छैन।

२४. अन्य रकम दस्तूर नलाग्ने:– प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐनको प्रयोजनको लागि नगद दाखिल गर्दा वा दर्ता सम्बन्धी प्रमाण–पत्रको लागि लेखापढी गर्दा यस ऐनमा लेखिएको बाहेक अन्य रकम, दस्तूर तथा टिकट समेत केही लाग्ने छैन। तर दर्ता भएको प्रमाणपत्रको नक्कल लिंदा प्रचलित नेपाल कानून बमोजिम नक्कल दस्तूर लाग्नेछ।

२५. सांचो सूचना दिनेलाई इनाम:– यो ऐन बमोजिम कर असूल गर्नु पर्ने कर्तव्य भएका कसैले दफा ७ र ८ बमोजिमको विवरण र फांटवारी दाखिल नगरेको वा कर असूल नगरेको वा असूल गरेर पनि दाखिल नगरेको वा घटी दाखिल गरेकोमा सो कुराको सांचो सूचना दिने व्यक्तिलाई सो कुरा ठहर भएपछि सो सूचनाको जरियाबाट असूल भएको करको बीस प्रतिशत श्री ५ को सरकारले इनाम स्वरूप दिन सक्नेछ।

२६. सरकारी वा गैर–सरकारी कर्मचारीले असूल गर्नु पर्ने कर असूल नगरेमा हुने:– यो ऐन वा प्रचलित कानून बमोजिम कर असूल गर्नु पर्ने कर्तव्य भएका सरकारी वा गैर–सरकारी कर्मचारीले कर असूल उपर नगरे वापत निजलाई सजाय भएमा त्यस्तो सजाय निजको तलबबाट किस्ताबन्दीको रूपमा कट्टी गरी असूल उपर गर्न सकिनेछ।

स्पष्टीकरण:– यो दफाको प्रयोजनको निमित्त कुनै संगठित संस्था कम्पनी वा फर्मको सम्बन्धमा "कर्मचारी" भन्नाले सो संस्था, कम्पनी वा फर्मको सचिव कोषाध्यक्ष, मालिक, प्रशासक, मेनेजर, एजेण्ट, मेनेजिङ्ग डाइरेक्टर वा मेनेजिंग एजेण्ट वा सो संस्था कम्पनी वा फर्मको सम्बन्धित अन्य कुनै अधिकारीलाई मुख्य अधिकारी भन्ने ठानी कर अफिसरले सूचना पठाएकोमा सो सूचना पाउने अधिकारी सम्झनु पर्छ।

२७. विक्री कर नलाग्ने:– (१) प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका मालसामानमा कर लाग्ने छैन।

(क) श्री ५ महाराजाधिराज, श्री ५ बडामहारानी, श्री ५ युवराजाधिराज तथा राजपरिवारका अन्य सदस्यहरूबाट खरीद भएको मालसामान,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) नेपाल अधिराज्य स्थित मित्रराष्ट्रका महामहिम राजदूतहरू र कुटनैतिक सुबिधा प्राप्त अन्य व्यक्तिहरूबाट खरीद भएका मालसामान,

(ग) नेपाल अधिराज्य बाहिर निकासी हुने मालसामान,

(घ) बन्धक दान वा बक्स दिइएको मालसामान, र

(ङ) उपयोग भै सकेको मालसामान ।

(२) उप–दफा (१) को खण्ड (क) बमोजिम कर नलाग्ने मालसामानका सम्बन्धमा यो ऐन प्रारम्भ हुन अगावै कर असूल गरिएको रहेछ भने सो करको रकम फिर्ता दिइनेछ ।

२८. नियम बनाउने अधिकारः– यो ऐनको उद्देश्य पूर्ति गर्न श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछ ।

२९. बचाउः– यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरूमा लेखिएको कुरामा यसै बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची

(दफा १४ संग सम्बन्धित)

१. कारखानाबाट बनेका जूटका मालसामानहरू ।
२. चुरोट, सिगार, बिडी, प्याक भएको सूर्ती ।
३. ष्टेन्लेस ष्टिलका मालसामान ।
४. ह्विस्की, ब्राण्डी, रम, जीन, वाइन, बियर र सबै किसिमका मदिरा तथा अल्कोहल मिश्रित सबै पेय वस्तुहरू ।
५. दिया सलाई ।

लालमोहर सदर मिति २०२३।६।६।१

आज्ञाले–
प्रद्युम्नलाल राजभण्डारी
श्री ५ को सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४१४